परिशिष्ट "क"

# कल्याणकारी योजना निर्देशनालय
## श्री कार्यरथी विभाग,
## जंगी अड्डा
### (प्रथम पटक सूचना प्रकाशित मिति २०७३/०२/३२ गते)

१. सैनिक कल्याणकारी कोषको लगानीमा सञ्चालित नेपाली सेना कल्याणकारी बोर्ड, नेपाली सेना कल्याणकारी बोर्ड अन्तर्गत ईपिसेन्टर (धनगढी) तथा त्रि-चन्द्र मिलिटरी हस्पिटल भवन निर्माण कार्यदल तथा नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान अन्तर्गत पोलिटेक्निक महाविद्यालयमा करार सेवामा खुल्ला प्रतिस्पर्धाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली सेनाको अवकाश प्राप्त सहायक रथी, महा सेनानी तथा प्रमुख सेनानीहरुले यो सुचना प्रकाशन भएको मितिले ३० दिन भित्र कार्यालय समयमा श्री कल्याणकारी योजना निर्देशनालय, जंगी अड्डामा दरखास्त आव्हान गरिन्छ ।

पदपूर्ति गर्नुपर्ने कार्यालयहरु तथा पद संख्याको विवरण

| सि.नं. | कार्यालयको नाम | पद | दर्जा | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | नेपाली सेना कल्याणकारी बोर्ड | प्रमुख संचालन अधिकृत/सह-कार्यकारी अधिकृत-मानव संशाधन तथा व्यवस्थापन | स.र./म.से.(अ.प्रा.) | २ | |
| २ | नेपाली सेना कल्याणकारी बोर्ड अन्तर्गत ईपिसेन्टर (धनगढी) | ईपिसेन्टर प्रमुख | म.से/प्र.से.(अ.प्रा.) | १ | |
| ३ | त्रि-चन्द्र मिलिटरी हस्पिटल भवन निर्माण कार्यदल | समन्वयकर्ता | म.से/प्र.से.(अ.प्रा.) | १ | |
| ४ | नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान अन्तर्गत पोलिटेक्निक महाविद्यालय | प्रशासन प्रमुख | म.से.(अ.प्रा.) | १ | |

२. दरखास्त फाराम पाईने स्थान, दस्तूर र फाराम बूझाउने अन्तिम मिति तथा स्थान: रु.१२००।– दरखास्त फाराम दस्तूर तिरी श्री कल्याणकारी योजना निर्देशनालयबाट फाराम प्राप्त गरी यसै निर्देशनालयमा मिति २०७३/०३/२९ गतेको कार्यालय समयभित्र फाराम बुझाउनु पर्नेछ ।

३. स.र./म.से./प्र.से.(अ.प्रा.) हरुलाई करारमा नियुक्ति गर्दा अपनाईने मापदण्ड तथा सेवा शर्त:

नेपाली सेना कल्याणकारी बोर्डका पदाधिकारीहरुको सेवाका शर्त तथा सुविधाहरु "नेपाली सेना कल्याणकारी बोर्डको कार्यविधि २०७०", नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान अन्तर्गतका महाविद्यालयका पदाधिकारीहरुको सेवाका शर्त तथा सुविधा "नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान, कार्यविधि २०६८" बमोजिम र अन्य पदाधिकारीहरुको सेवाका शर्त तथा सुविधा "कल्याणकारी योजना निर्देशनालय अन्तर्गत आवश्यक जनशक्ति नियुक्ति, सेवा शर्त तथा सुविधा सम्बन्धी कार्यविधि २०६७" बमोजिम हुनेछ ।

४. आवश्यक न्युनतम योग्यता र अनुभवहरु: मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण-पत्र तह उत्तिर्ण गरेको र सैनिक कमाण्ड तथा स्टाफ कलेज/ गणपति तालिम सफलतापूर्वक सम्पन्न गरेको हुनु पर्नेछ ।

५. <u>दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु</u>

(क) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि ।

(ख) पेन्सन पट्टाको प्रतिलिपि ।

(ख) सम्पुर्ण शैक्षिक तहको प्रमाण-पत्रको प्रतिलिपीहरु तथा हालसालै खिचेको पासपोर्ट साईजको २ (दुई) प्रति फोटो ।

(ग) आफुले प्राप्त गरेको अनुभव तथा अन्य तालिमको प्रमाण-पत्रको प्रतिलिपि ।

६. <u>छनौट प्रक्रिया</u>: अन्तरवार्ताको माध्यमबाट हुनेछ ।

७. <u>सम्पर्क मिति र स्थान</u>: २०७३/०३/३१ गतेको ११०० बजे श्री कल्याणकारी योजना निर्देशनालय, जंगी अड्डा ।

८. सुचना सम्बन्धी थप जानकारी लिन चाहेमा श्री कल्याणकारी योजना निर्देशनालयको फोन नम्बर ०१-४२२५९४३ मा सम्पर्क राख्न सकिनेछ ।

(शिशिर चन्द्र के.सी)
प्रमुख सेनानी
नि.सह निर्देशक